जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०   अंक ६७   २०७७ साल असोज १९ गते सोमबार (5 Oct. 2020 Monday)   मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश ५ : राजधानी र नामको ... ३ पृष्ठमा : उपत्यकामा सङ्क्रमण बढ्यो, ... ३ पृष्ठमा अर्जुन एकीकरणका तीस ...

# वर्तमान सरकार कमिशनतन्त्र, लुटतन्त्र र भ्रष्टतन्त्रमा लाग्यो : उपेन्द्र अध्यक्ष




**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले वर्तमान सरकार कमिशनतन्त्र, लुटतन्त्र र भ्रष्टतन्त्रमा हाबी भएको आरोप लगाएका छन् ।

आइतबार राजविराजमा आयोजित पार्टीमा युवा प्रवेश कार्यक्रममा बोल्दै उनले सो आरोप लगाउँदै सरकार चौतर्फी रुपमा असफल भइसकेकोले मुलुकको संकट वर्तमान सरकारबाट समाधान नहुने दाबी समेत गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व उपप्रधामन्त्री समेत रहेका अध्यक्ष यादवले मुलुकमा विद्यमान संकटको जड नै वर्तमान सरकार रहेकोले यसका बिरुद्ध फेरी एक पटक आन्दोलन गर्नुपर्नेमा जोड दिए । शिक्षाको अवस्था सार्क मुलुकमै सबैभन्दा कमजोर रहँदा पनि त्यसमा सुधारका लागि कुनै कार्यक्रम ल्याउन नसकेको र यही कारणले गर्दा मुलुकबाट यूवाहरु पलायन हुने क्रम बढीरहेको उनको भनाई छ ।

उनले जनता गरिबी र बेरोजगारीले तडपीरहेको अवस्थामा त्यस्ता समस्याप्रति तमासे भएर बसेको सरकारलाई कसरी कम्युनिष्टको सरकार भन्ने

*बाँकी तीन पृष्ठमा*

## गाउँपालिका अध्यक्ष र उनका छोरासहित दश जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

सप्तरीका एक गाउँपालिकाका अध्यक्ष र उनका छोरासहित आइतबार जिल्लामा दश जना संक्रमित थपिएका छन् ।

गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालाबाट प्राप्त परिक्षण रिपोर्टले जिल्लाका राजगढ गाउँपालिका प्रमुख र उनका छोरासहित दश जनामा कोरोना संक्रमणको पुष्टि भएको हो ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार संक्रमित हुनेहरुमा राजगढ गाउँपालिकाका अध्यक्ष र उनका छोरासहित ५ जना, राजविराज नगरपालिका वडा नं. ५ का दुई, सुरुङ्गा नगरपालिका, महदेवा गाउँपालिका र विष्णुपुर गाउँपालिकाका एक/एक जना छन् ।

योसँगै जिल्लामा कोरोना संक्रमितको कुल संख्या १ हजार ३ सय १६ पुगेको छ ।

## जसपाका नेतामाथी गरिएको कारवाही फिर्ता

**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

जनता समाजवादी पार्टी नेपाल सप्तरीले भिमराज यादव तथा लक्ष्मण यादवमाथि गरेको निलम्बनको कारवाही फिर्ता लिएको तथा अन्य नेतामाथी गरिएको कारवाहीको सिफारिस फिर्ता लिएको जनाइएको छ ।

पार्टीका अध्यक्षद्वय हरेराम यादव र केदार प्रसाद यादवद्वारा आइतबार जारि संयुक्त विज्ञप्तिमा सो कुरा उल्लेख गरिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## हार्दिक समवेदना



जन्मः २०११/०५/०१
स्वर्गारोहनः २०७७/०६/०८

**स्व. सत्य नारायण यादव**

हाम्रो कृषि सहकारी संस्था लिमिटेड राजविराजका शेयर सदस्य श्री शंकर यादवका पुज्यनीय पिता **श्री सत्य नारायण यादव**को २०७७ असोज ८ गते असामयिक निधन भएको १३ औं दिनको पुण्य तिथिको अवसरमा दिवंगत आत्माको चिर शान्तीको कामना गर्दछौं । साथै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अमिरनारायण यादव**
**अध्यक्ष एवं**
**हाम्रो कृषि सहकारी संस्था लि. राजविराज, परिवार**

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खूल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**फारम बितरण मिति : २०७७/५/३० गतेदेखी**
**फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# विकासीय कार्यमा निगरानी बढाऔं

राजविराजमा भइरहेको विभिन्न विकासीय कार्यप्रति सम्बन्धीत निकायले अनुगमन तथा अवलोकन गर्न भ्याएको छैन् । लामो समयदेखी भइरहेको विभिन्न विकासीय कार्यको अनुगमन गर्न कुनै समिति गठन समेत गरिएको छैन् । विगतमा नगर र जिल्लाको विकासीय कार्यका लागि जिल्ला तथा नगर अनुमगन समिति गठन हुने गर्थे । तर अहिले वर्तमानमा त्यस्ता कुनै समिति गठन भएको देखिदैन् । यसरी जिल्ला वा नगरको विकासका लागि भइरहेको त्यस्ता कार्य जुन जनतासँग प्रत्यक्ष सरोकार राख्छ त्यसका लागि कसैको ध्यान नपुग्नु विडम्बना हो ।

विभिन्न उपभोक्त, टेण्डर तथा बोलपत्रलगायत मार्फत ठेक्का लगाइएको ती विकासीय कार्यहरुको कम्तिमा गुणस्तर, समय तथा तरिका मापन गर्नु अति आवश्यक छ । कीन भने राजविराजस्थित मुख्य सडकहरुमा गरिएको कामहरु दुई वर्ष पनि नपुग्दै मर्मत गर्ने अवस्थामा पुगेको छ । विकासीय कार्यमा हेलचक्राई गर्नु र त्यसलाई ढाकछोप गर्नु दुबै अपराध हो । तर, यसप्रति सम्बन्धीत निकायको ध्यान पुग्न नसक्नु त्यस्ता कार्यमा मिलोमतो हुन सक्ने अनुमान गर्न सकिन्छ ।

तसर्थ कार्यको मापदण्ड अनुसार सम्पन्न गर्नु गराउनु र त्यसको अनुगमन, निरिक्षण गर्नु भनेको कार्यप्रति जिम्मेवार हुनु हो । यसका लागि स्थानिय जनप्रतिनिधि तथा विकासीय कार्यप्रति सरोकार राख्ने सम्पूर्णलाई भइरहेको कार्यमा निगरानी गरेर सही ढंगले दिशानिर्देश गराउन तत्परता देखाउनु जरुरी छ । त्यसको गर्न सके मात्र त्यस्ता कार्यको आयु हुने अन्यथा एक दुई वर्षमै नामको मात्र विकास हुन सक्दछ ।

# प्रदेश ५ : राजधानी र नामको प्रस्तावमा मतदान गर्ने नेकपाको निर्णय

बुटवल, १८ असोज (रासस) ।

प्रदेश नं ५ सरकारले शुक्रबार प्रदेशसभामा प्रदेशको स्थायी राजधानी र नामाकरणको प्रस्तावका पक्षमा मतदान गर्न सत्तापक्षीय दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले ह्वीप जारी गर्ने निर्णय गरेको छ ।

मुख्यमन्त्री शङ्कर पोखरेलको सरकारी निवासमा शनिबार बसेको संसदीय दलको बैठकले सरकारका तर्फबाट शुक्रबार प्रदेशसभामा प्रस्तुत स्थायी राजधानी र नामाकरणको प्रस्तावमा मतदान हुँदा अनिवार्य उपस्थित हुन र प्रस्तावका पक्षमा मतदान गर्न ह्वीप जारी गर्ने निर्णय गरिएको नेकपा संसदीय दलका प्रमुख सचेतक भूमिश्वर ढकालले जानकारी दिनुभयो । उहाँले कसैले पनि संसदीय दलको ह्वीपको उल्लङ्घन गरेमा पार्टी विधानबमोजिम कारवाही हुनेसमेत चेतावनी दिनुभएको छ ।

दलका सचेतक ढकालले पाल्पा, रुपन्देही र कपिलवस्तुका प्रदेशसभा सदस्यले कपिलवस्तुमा राजधानी हुनुपर्ने धारणासहित सरकारको तर्फबाट प्रस्ताव गरिएको विषयमा फरकमत राख्नुभएकोसमेत बताउनुभयो । उहाँले बैठकमा आएका फरकमतलाई संसदीय दलमा सङ्ग्रहणीय र सुरक्षित गर्ने र सबैले सरकारको प्रस्तावको पक्षमा मतदान गर्ने निर्णय भएकोसमेत जानकारी दिनुभयो ।

प्रदेशसभा सदस्यले राखेका धारणााको जवाफमा पार्टी संसदीय दलका नेता तथा मुख्यमन्त्री शङ्कर पोखरेलले पार्टी निर्णयविपरीत नजान निर्देशन दिनुभयो । उहाँले सरकारले प्रदेशसभामा प्रस्तुत गरेको प्रस्तावप्रति असहमत रहेका प्रदेशसभा सदस्यका धारण आ-आफ्ना क्षेत्रका मतदाताप्रतिको जवाफदेहिताका कारणले आएकाले जायज रहेको बताउनुभयो । उहाँले सबै जिल्लाका मागको सम्बोधन गर्दा असजिलो भए पनि एउटा साझा धारणा बनाएर निर्णयमा जानुपर्ने बाध्यताले सरकारले अघि सारेको उक्त प्रस्तावको पक्षमा मतदान गर्न निर्देशन दिनुभयो ।

सरकारले प्रदेशको स्थायी राजधानी दाङको देउखुरी क्षेत्र र नाम लुम्बिनी राख्न प्रदेशसभामा प्रस्ताव पेश गरेको छ । प्रदेशसभाको शुक्रबारको बैठकमा प्रदेश सरकारका तर्फबाट आन्तरिक मामिला तथा कानूनमन्त्री कुलप्रसाद केसीले यस्तो प्रस्ताव पेश गर्नुभएको हो । सरकारले दाङको राप्ती गाउँपालिका र गढवा गाउँपालिका तथा अर्घाखाँचीको सितगङ्गा नगरपालिकाले ओगटेको राप्ती नदीले चर्चेको किनारको भाग देउखरी उपत्यकालाई प्रदेशको स्थायी राजधानी बनाउन प्रस्ताव गर्नुभएको छ ।

**संसदीय दलमा फरकमत**

सरकारले प्रदेशको राजधानी सार्ने प्रस्तावप्रति नेकपाको शनिबारको संसदीय दलको बैठकमा रुपन्देही, कपिलवस्तु र पाल्पाका १४ जना सदस्यले असहमति जाहेर गर्दै फरकमत दर्ज गर्नुभएको छ । फरकमत दर्ज गर्नेमा रुपन्देहीका भोजप्रसाद श्रेष्ठ, डा कृष्ण न्यौपाने, दधिराम न्यौपाने, सुनिता ठडेर, तुलसीप्रसाद चौधरी, थानकुमारी थापा, विमला पन्थी, पाल्पामा युवराज खनाल, नारायण आचार्य, रमा घर्तीमगर र डा पुरन बज्राचार्य रहनुभएको प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँहरूले दर्ज गर्नुभएको असहमतिमा भन्नुभएको छ, "ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक हरेक हिसाबले महत्वपूर्ण रहेको विश्व शान्तिका अग्रदूत महामानव गौतमबुद्धको क्रिडास्थलको रूपमा रहेको यस अस्थायी राजधानीको पूर्ववर्ती सरकारले गहन अध्ययनका साथ जनसङ्ख्याको बाहुल्यता, शैक्षिक, यातायात, स्वास्थ्य, रोजगार प्रवर्द्धनका आधारमा प्रदेश नं ५ को अस्थायी राजधानीको रूपमा निर्णयसमेत भइसकेको रुपन्देही जिल्ला तथा बुटवल नगरमा पर्याप्त पूर्वाधार रहेको, पर्याप्त जमिन उपलब्ध हुनसक्ने स्थान जहाँ सरकारले पर्याप्त लगानी गरिसकेको छ । यो स्थानलाई अवमूल्यन गर्दै अनुपयुक्त स्थानमा राजधानी सार्ने निर्णय प्रक्रियाप्रति असहमति जाहेर गर्दै फरकमत दर्ज गर्दछौं ।"

यस्तै कपिलवस्तुका प्रदेश सदस्य विष्णुप्रसाद पन्थी, धर्मबहादुर लाल श्रीवास्तव, फौजिया मियाँले राख्नुभएको फरकमतमा भनिएको छ, "कपिलवस्तु नै प्रदेश राजधानीका लागि सबैभन्दा उपयुक्त ठाउँ हो, तसर्थ निर्णयमा पुनर्विचार गरी कपिलवस्तुलाई प्रस्ताव गरियोस् ।" उक्त प्रस्तावमाथि यही असोज १९ गतेदेखि छलफल शुरु हुने प्रदेशसभाको कार्यक्रम छ ।

# एनआरएनए कोभिड -१९ तथ्याङ्क: विदेशमा ९२ प्रतिशत नेपाली कोरोनामुक्त

काठमाडौँ, १८ असोज (रासस) ।

विश्वव्यापी महामारी कोरोना भाइरस सङ्क्रमणबाट विदेशमा विभिन्न मितिमा सङ्कमित नेपालीमध्ये ९२ प्रतिशत कोरोनामुक्त भएका छन् । गैरआवासीय नेपाली सङ्घ( एनआरएन)का अनुसार नेपालबाहेक ४२ देशमा ३५ हजार ९१६ जना कोरोनामुक्त भएका छन् ।

सङ्घअन्तर्गतको स्वास्थ्य समितिका अनुसार विदेशमा शनिार साँझसम्म ३९ हजार ५२८ नेपाली कोरोना सङ्क्रमित भएका छन् । स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार यस साता दक्षिण अफ्रिकामा रहेका एक नेपालीको ज्यान गएको छ । समितिका अनुसार कोरोना सङ्क्रमणका कारण विदेशमा हालसम्म १८ देशका २६६ नेपालीको ज्यान गएको छ ।

यस साता स्पेन, भारत, कतार, कुवेत र साउदी अरबमा रहेका नेपालीमा नयाँ कोरोना भाइरसको सङ्कमण देखिएको एनआरएन कोभिड -१९ उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो ।

यस्तै नेपालमा मात्र ८४ हजार ५७० जना कोरोना भाइरसबाट सङ्क्रमित तथा ६२ हजार ७४० जना कोरोनामुक्त भएका छन् । यो कुल सङ्क्रमितको ७४ दशमलव २ प्रतिशत हो । हालसम्म नेपालमा ५२८ जनाको कोरोना सङ्क्रमणका कारण ज्यान गएको छ । कोरोना भाइरसकै कारण नेपालसहित विश्वभर छरिएका नेपालीमध्ये एक लाख २४ हजार ९८ जनामा कोरोना सङ्क्रमण भएको छ । तीमध्ये ९८ हजार ६५६ कोरोना भाइरसबाट मुक्त भएका छन् ।

सङ्घको स्वास्थ्य समितिले सार्वजनिकस्थलमा कोरोना सङ्क्रमणको जोखिम उच्च रहेको जनाएको छ । डा सापकोटाले कोरोना सङ्क्रमणबाट बच्ने एक मात्र उपाय स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्नाको अर्को विकल्प नभएको हुँदा सबैलाई मास्क प्रयोग गर्न र हात धुन आग्रह गर्नुभएको छ । उहाँले कोरोना सङ्क्रमणको आशङ्का लागेमा तत्काल स्वास्थ्य सेवामा सम्पर्क गर्न पनि अनुरोध गर्नुभएको छ ।

# काँग्रेस नेताहरुमा कोरोना सङ्क्रमण देखिएपछि बैठक स्थगित

काठमाडौँ, १८ असोज (रासस) ।

नेपाली काँग्रेसका केही नेताहरुमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएपछि सोमबारका लागि निर्धारित पार्टीको केन्द्रीय कार्यसमितिको बैठक स्थगित गरिएको छ ।

काँग्रेस केन्द्रीय कार्यालयमा यही असोज १५ गते गरिएको पिसिआर परीक्षणका क्रममा पार्टीका केन्द्रीय सदस्यहरु अर्जुननरसिंह केसी, गगनकुमार थापा, जङ्गीलाल राय, कल्पना चौधरी र आमन्त्रित केन्द्रीय सदस्य शम्भुलाल श्रेष्ठलगायत अन्य विविध जिम्मेवारीमा रहनुभएका केही व्यक्तिहरुमा कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।

यसैगरी काठमाडौँ बाहिर परीक्षण गर्नुभएका केन्द्रीय सदस्यहरु रमेश रिजाल र अजयकुमार चौरसियामा पनि कोरोना सङ्क्रमण पुष्टि देखिएकाले स्वास्थ्य मापदण्डलाई ध्यानमा राखी यही असोज १९ गतेका बोलाइएको केन्द्रीय समितिको बैठक स्थगित गरिएको पार्टी कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

काँग्रेस केन्द्रीय समितिको बैठक यही असोज २५ गते दिउँसो २.०० बजेका लागि निर्धारित गरिएको समेत उहाँले बताउनुभयो । काँग्रेसले कोरोना सङ्क्रमण देखिनुभएका केन्द्रीय सदस्य, आमन्त्रित सदस्य एवं अन्य सबैको शिघ्र सङ्क्रमण मुक्तिका लागि कामना गरेको छ ।

# सर्वोच्चमा एकल इजलास मात्र सञ्चालनमा

काठमाडौँ, १८ असोज (रासस) ।

सर्वोच्च अदालतले कोरोना भाइरस (कोभिड-१९)का कारणले एकल इजलास मात्र सञ्चालन गरेको छ । केही न्यायाधीशमा सङ्क्रमण देखिएपछि सर्वोच्चले एकल इजालास मात्र सञ्चालन गरेको अदालतका सहप्रवक्ता देवेन्द्र दाहालले जानकारी दिनुभयो ।

उहाँका अनुसार सर्वोच्चमा सङ्क्रमणका कारणले केही न्यायाधीश अहिले होम आइसोसनमा रहनु छ । सर्वोच्चमा एकल, संयुक्त र बृहत इजलास सञ्चालन हुँदै आएका थिए । आइतबार प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा र अर्का न्यायाधीश डा मनोजकुमार शर्मा मात्र आउनुभएको छ । न्यायाधीश डा. शर्माको एकल इजलास मात्र सञ्चालनमा छ ।

सहप्रवक्ता दाहालले एकल इजलासबाट रिट निवेदन, प्रारम्भिक सुनुवाइ हुने खालका र नगरी नहुने निवेदनको मात्र सुनवाइ हुने जानकारी दिनुभयो । सर्वोच्च अदालतले जारी गरेको सूचनामा अदालतका न्यायाधीश, केही अधिकृत र कर्मचारी सङ्क्रमित हुनुभएको र सङ्क्रमित सबै होम क्वारेन्टिन, आइसोलेसनमा रहनुभएको जनाइएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# उपत्यकामा सङ्क्रमण बढ्यो, सेवाग्राहीको भीड घटेन

काठमाडौँ, १८ असोज (रासस)।

काठमाडौँ उपत्यकामा कोभिड-१९ को सङ्क्रमण दैनिक बढिरहे पनि यातायात व्यवस्था कार्यालयमा सेवाग्राहीको भीड कम हुन सकेको छैन ।

यातायात कार्यालयले सेवाग्राहीलाई सामाजिक दुरी कायम गर्न भन्दै अनुरोध गर्दै हात धुनका लागि साबुनपानीको व्यवस्था गरेको छ । सेवाग्राही भने आफ्नो काम चाँडो सकाउने हतारका कारण स्वास्थ्य सुरक्षा सावधानी अपनाउन ध्यान नदिएको पाइन्छ ।

शुक्रबार एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय पुग्दा चालक अनुमतिपत्र र साना ठूला सवारी गरी दुवै कार्यालयमा सेवाग्राहीको भीड देखिन्थ्यो । त्यहाँको भीड नियन्त्रणका लागि सुरक्षाकर्मी खटिएका छन् । कार्यालयले साबुनपानीको व्यवस्था गरेको छ भने सन्देशमूलक प्रचार सामग्री गेटबाट छिर्नासाथ राखेको छ । कार्यालयले सेवाग्राहीलाई दुरीमा रहनका लागि पालो कुर्ने ठाउँमा पनि गोलो घेरा बनाएको छ । त्यसको पालना भने कम छ ।

सेवाग्राहीको चाप धेरै भएकाले दूरी कायम गर्न कठिन भइरहेको चालक अनुमतिपत्र कार्यालयका प्रमुख सम्बरबहादूर कार्कीले बताउनुभयो । उहाँका अनुसार यहाँ साता जना सुरक्षाकर्मी भीड नियन्त्रणकै लागि खटाइएको छ । कार्यालयले नियमित रुपमा नयाँ चालक अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने, अनुमतिपत्र वितरण र नवीकरणको काम गर्दै आएको थियो ।

कोभिड-१९ रोकथामका लागि सरकारले जारी गरेको बन्दाबन्दीको समयमा कार्यालय बन्द थियो । गत असारदेखि कार्यालय खुलेसँगै अनुमतिपत्र वितरण र नवीकरण हुँदै आएको छ । केही समय पहिले भीड बढेको भन्दै अनुमतिपत्र वितरणसमेत केही समय रोकिएको थियो । सेवाग्राही सजग हुँदा मात्रै सेवा नियमित गर्न सकिने उहाँको भनाइ छ ।

कार्यालयमा अहिले नवीकरणका लागि झण्डै चार सय सेवाग्राही आइरहेका छन् । उपत्यकाका कतिपय यातायात कार्यालयले सेवाग्राहीको भीड कम गर्न जोर र बिजोर नम्बर गरी सेवा दिएका छन् ।

यातायात व्यवस्था विभागले बन्दाबन्दीको अवधिमा विगत वर्षदेखि छाप्न बाँकी अनुमतिपत्र छापिसकेको छ । बन्दाबन्दीपछि असारमा झण्डै दुई लाख अनुमतिपत्र छापिएर आएको थियो । धेरै अनुमतिपत्र एकै पटक वितरण गर्नु परेकाले पनि कार्यालयमा भीड बढेको प्रमुख कार्कीले बताउनुभयो । अहिले झण्डै एक लाख ४० हजार अनुमतिपत्र वितरण गर्न बाँकी भएको कार्यालयले जनाएको छ । चैत भन्दापछि नवीकरण भएका झण्डै १० हजार अनुमतिपत्र विभागबाट ल्याउन बाँकी छन् ।

अनुमतिपत्र वितरणका लागि पाँच काउन्टरमा १० जनाको व्यवस्थापन गरिएको छ । नयाँ अनुमतिपत्र बन्द भएकाले त्यो शाखाका कर्मचारी समेत अहिले नवीकरण र वितरणमा लगाइएको प्रमुख कार्कीले बताउनुभयो । बन्दाबन्दी लगतै कतिपय कर्मचारी घर गएकाले फर्कन नसकेका र कतिपय क्वारेन्टिनमा रहेकाले समस्या थियो । अहिले यहाँका सबै कर्मचारी नियमित कार्यालय आइरहेका छन् । कार्यालयले आवश्यक स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराएको प्रमुख कार्कीले बताउनुभयो ।

विगतका वर्षमा सेवाग्राहीले अनुमतिपत्रका लागि परीक्षा पास गरेको वा नवीकरणका लागि राजश्व बुझाएको दुई वर्षसम्म 'स्मार्ट' चालक अनुमतिपत्र पाएका थिएनन् । विगतमा फोटो नबुझिने वा अक्षर नबुझिने भएर कतिपयको पुनःछपाइ भएको थियो । विगतमा कार्यालयमा अनुमतिपत्र मिलाएर नराखेकाले पनि खोज्न बढी समय लागेको प्रमुख कार्कीले बताउनुभयो । अहिले सकेसम्म मितिअनुसार अनुमतिपत्र चाङ मिलाएर राखिएको छ ।

कोभिडका कारण विद्यालय, कलेजलगायत विभिन्न कार्यालय बन्द भएकाले पनि कार्यालयमा सेवाग्राहीको भीड बढेको हुनसक्ने प्रमुख कार्कीको भनाइ छ । सामान्य अवस्थामा फुर्सद नपाएका सेवाग्राही अहिले आइरहेका छन् । सञ्चार माध्यमबाट अहिले विभागले चालक अनुमतिपत्र छापिसकेको खबर पाएकाले पनि सेवाग्राही आइरहेका बताइएको छ ।

यातायात कार्यालय जस्तै काठमाडौँ उपत्यकाका सेवा प्रदायक विभिन्न संस्थामा संस्थामा सेवाग्राहीको भीड कम हुन सकेको छैन । दशैँ तिहारलगायतका चाडपर्व आइरहेकाले पनि यी कार्यालयमा भीड बढेको छ । सामान्य अवस्थामा बढी भीडभाड हुने कार्यालयमा पर्ने यातायात कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, बैंकलगायतमा सेवाग्राहीको भीड देखिन्छ ।

### वर्तमान सरकार ...

बारे प्रश्न समेत तेर्‍साए । मुलुकमा चौतर्फी बिकृती र समस्याको थुप्रो लागे पनि समाधानप्रति कुनै चासो नदेखाएकोले वर्तमान सरकार कलंकीत भइसकेको उनको टिप्पणी थियो ।

संबैधानिक आयोग तथा अन्य निकायमा नियुक्ति गर्दा ८० प्रतिशतसम्म एउटै समुदायबाट नियुक्ति गरेर सरकारले समावेशिताको धज्जी उडाएको उनको भनाई छ । संविधान संशोधन गरेर असन्तुष्ट पक्षका माँग सम्बोधन गर्ने मामिलामा पनि सरकार इमान्दार नदेखिएको बताउँदै उनले आन्दोलनको विकल्प नरहेको उद्घोष गरे ।

आदिवासी, जनजाती, दलित, मधेशी तथा सिमान्कृत समुदायको माँग सम्बोधनका लागि संविधान संशोधन आवश्यक रहे पनि सरकार मुकदर्शक भएर बसिरहेको उनले जिकिर गरे । संविधानमा रहेका विभेदकारी प्रावधान संशोधन गरि सबैको अपनत्व हुने खालको वातावरण नबनेसम्म सचेत युवाहरुले पनि खबरदारी गरिरहनु पर्नेमा उनले जोड दिए ।

युवाहरुकै कारण विश्वमा ठूलठूला परिवर्तन र क्रान्तिहरु सफल भएको बताएका उनले यूवाहरुलाई उनले अध्ययनशिल, लगनशिल र संघर्षशिल बन्न सुझाव पनि दिए ।

तत्कालिन समाजवादी यूवा फोरमका अध्यक्ष आतेश यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रिय सभाका सदस्यद्वय शेखर सिंह, मृगेन्द्र कुमार सिंह यादव, प्रदेश २ का भूमी व्यवस्था तथा कृषि सहकारी मन्त्री शैलेन्द्र प्रसाद साह, राज्य मन्त्री योगेन्द्र राय यादव, प्रदेशसभा सदस्यद्वय मनिष सुमन, नेत्रविक्रम साह लगायतले पनि बोल्दै संविधान संशोधन नभएसम्म आफूहरु मौन भएर नबस्ने चेतावनी दिएका थिए ।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि जसपमा प्रवेश गरेका २ सय ८५ जना यूवाहरुलाई प्रमुख अतिथि र अन्य अतिथिहरुले फुलमाला र अबिर लगाई स्वागत गरेका थिए ।


## राजविराज नगरपालिका
## १ नं. वडा कार्यालय
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

मिति : २०७७/६/१८

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. १० हाल १ बस्ने वेचन साह तेलीले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७७/६/१८ मा द.न. १२९ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. १० हाल १ बस्ने मलभोगिगाय देवी तेली नाउँ दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सुनसरी | प.कुशहा | ३ क | २७२ | ०-२-० |
| सुनसरी | प.कुशहा | ३ क | २७३ | ०-३-० |
| सुनसरी | प.कुशहा | ३ ख | २६८ | ०-५-० |
| सुनसरी | प.कुशहा | ३ ख | ४७० | ०-५-० |

## राजविराज नगरपालिका
## १ नं. वडा कार्यालय
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

मिति : २०७७/६/१८

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. २ हाल १ बस्ने झबर प्रसाद यादवले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७७/६/१८ मा द.न. १३० को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. २ हाल १ बस्ने अनारकुमारी यादव नाउँ दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| मोरङ्ग | रंगेली | ७ | १४४ | २२४.३५ |


## विश्व समाचार

### जर्मन एकीकरणका तीस वर्ष पूरा

बर्लिन, १८ असोज (रासस/एएनआई)।

जर्मनीले शनिबार कोरोनाभाइरस महामारीबीच संक्षिप्त कार्यक्रम गरी दुई जर्मनीबीचको पुनःमिलनको उत्सव मनाएको छ । बर्लिनबाट करिब २५ किलोमिटर दक्षिण पश्चिममा पर्ने पोट्सड्याम शहरमा आयोजित समारोहमा राष्ट्रपति फ्रान्क-वाल्टर स्टेनमेयर र चान्सलर एन्जेला मर्केल सहभागी हुनुभयो ।

दोस्रो विश्वयुद्ध पश्चात् शीतयुद्धका चार दशकसम्म अलग रहेका पूर्वी र पश्चिम जर्मनी सन् १९९० मा एकीकृत भएका थिए । "हामी शीतयुद्धको अन्त्य र नयाँ युगको आरम्भका दिन आइतबार पुनःस्मरण गर्दैछौं," स्टेनमेयरले बताउनुभयो । उहाँले अगाडि भन्नुभयो, "आज हामी एउटा सर्वोत्कृष्ट र एकीकृत जर्मनीमा बाँचिरहेका छौं ।"

स्टेनमेयरले जर्मनी विगत ३० वर्षको अवधिमा पुनःमिलन र आप्रवासनका कारण धेरै विविधतापूर्ण भएको बताउनुभयो । उहाँले क्षेत्र र धर्मका मतभिन्नतालाई परित्याग गरेर अझ सुदृढ एकताका लागि आह्वान गर्नुभयो ।

कार्यक्रममा बोल्दै चान्सलर मर्केलले जर्मनीका प्रत्येक नागरिकले विशिष्ट साहस र उत्साहका साथ अघि बढ्नुपर्ने समय आएको बताउनुभयो । उहाँले भन्नुभयो, "कोरोनाभाइरसको महामारी बेलामा नयाँ उत्साह चाहिएको छ, पूर्वपश्चिम जर्मनीबीचमा रहेका कतिपय मतभेदलाई तोड्नु पर्नेछ ।"

यसैबीच, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याँक्रोले पुनःमिलनका अवसरमा ट्वीट गर्दै जर्मन जनतालाई बधाई दिनुभएको छ । उहाँले भन्नुभएको छ, "जर्मनी ३० वर्ष अघि पुनःमिलन भएको थियो जसले युरोपियन पुनःमिलनको बाटो खोलेको थियो । आज हामी प्रजातन्त्र र प्रगति, हाम्रो सार्वभौमिकता र युरोपियन ऐक्यवद्धतालाई थप अघि बढाउँदैछौं ।"

अमेरिका र तत्कालीन सोभियत संघबीच दशकौं लामो शीतयुद्धको अवधिमा जर्मनी पूर्वी (जर्मनी) र पश्चिम (जर्मनी) का रुपमा विभाजित थियो । तर सन् १९८९ नोभेम्बर ९ मा जनताले बर्लिन पर्खाल ढालेसँगै दुई जर्मनीबीच पुनःमिलनको बाटो खुला भएको थियो । पछि सन् १९९० अक्टोबर ३ मा जर्मन पुनःमिलन सन्धिमा हस्ताक्षर भएको थियो । त्यसबेलादेखि, जर्मन एकता दिवसलाई देशको राष्ट्रिय विदाका रूपमा मनाइन्छ ।

### कोरोनाभाइरसबाट विश्वभर १० लाख ३८ हजारको मृत्यु

पेरिस, १८ असोज (रासस/एएफपी)।

विश्वभर महामारीका रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) को सङ्क्रमणबाट मृत्यु हुनेको संख्या आइतबारसम्म १० लाख ३८ हजार पुगेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयकाअनुसार कोभिड-१९बाट सङक्रमित हुनेको संख्या विश्वभर तीन करोड ५१ लाख ४० हजारभन्दा बढी पुगेको छ । कूल सङ्क्रमितमध्ये दुई करोड ६१ लाख ३० हजार निको भएका छन् भने करिब ७९ लाख छ हजारभन्दा बढी मानिस सक्रिय सङ्क्रमित छन् ।

विश्वभर अझै पनि ६६ हजारभन्दा बढी मानिसको स्वास्थ्य अवस्था निकै जटिल रहेको छ । पेशा व्यवसाय खोल्ने वा नखोल्ने भन्ने विषयमा दोधारमा रहेको संयुक्तराज्य अमेरिकामा सबैभन्दा बढी मानिसको मृत्यु भएको छ भने यहाँ सङ्क्रमितको संख्या पनि ७६ लाख नाघिसकेको छ ।

कोरोना सङक्रमणबाट अमेरिकामा हालसम्म दुई लाख १४ हजार को मृत्यु भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रथम महिला मेलानिया ट्रम्प दुवैलाई कोरोना भाइरस सङ्क्रमण भएको छ ।

कोरोना सङ्क्रमणको कारण दोस्रो स्थानमा रहेको अर्थात विश्वकै दोस्रो ठूलो जनसंख्या रहेको देश भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या एक लाख नाघेको छ । आजसम्म प्राप्त समाचारअनुसार भारतमा ६५ लाख ४९ हजारभन्दा बढीलाई कोरोना भाइरस सङ्क्रमण भएको र यस सङ्क्रमणबाट एक लाख एक हजार ९६० जनाको मृत्यु भईसकेको छ ।

कोरोना सङ्क्रमणलाई हेर्दा तेस्रो स्थानमा रहेको देश ब्राजिलमा ४९ लाख भन्दा बढी व्यक्ति सङ्क्रमित भएकामा एक लाख ४६ हजारको मृत्यु भएको छ ।

खोप विकास गरिसकेको घोषणा गरेको रसियामा १२ लाख चार हजारभन्दा बढी सङ्क्रमित रहेका छन् भने २१ हजार २५१ जनाको मृत्यु भएको छ भने दैनिक सङ्क्रमितको संख्या पनि बढ्दो छ । दक्षिण अमेरिकी राष्ट्र अर्जेन्टिनामा कोरोना भाइरसको प्रकोप बढ्दोरुपमा रहेको केही दिन अगाडि एकै दिनमा २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणबाट तीन हजार ३५२ जनाको मृत्यु भएको थियो

युरोपेली मुलुक खासगरी बेलायत, फ्रान्स, स्पेन र इटालीमा कोरोनाभाइरस सङ्क्रमणको दोस्रो लहर शुरु भएको आँकलन गर्दै सार्वजनिक जनजीवनमा धेरै किसिमका प्रतिबन्धको घोषणा गर्न थालिएको छ ।

# जिल्ला प्रशासन कार्यालय सिरहा एक साताका लागि बन्द

**दैनिक समाचारदाता**
**सिरहा, १८ असोज ।**
जिल्ला प्रशासन कार्यालय सिरहाले शान्ति सुरक्षा र मुद्दासम्बन्धीबाहेक सम्पूर्ण सेवा आइतबारदेखि एक साताका लागि बन्द गरेको छ ।

सो कार्यालयका ८ जना कर्मचारीहरुमा कोरोना सङ्क्रमण पुष्टि भएपछि सेवा बन्द गरिएको प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलले सूचना प्रकाशित सूचनामा उल्लेख छ ।

कार्यालयमा कार्यरत कर्मचारीमध्ये हालसम्म आठ जनामा कोभिड-१९ को सङ्क्रमण देखिएको हुँदा जोखिम न्यूनीकरण गर्ने उद्देश्यले शान्ति सुरक्षा र मुद्दासम्बन्धीबाहेक सम्पूर्ण सेवा आइतबारदेखि एक साताका लागि बन्द गरिएको जनाइएको छ ।

गत असोज १३ गते प्रशासन फाँटमा कार्यरत कर्मचारीमा सङ्क्रमण देखिएको र तीन प्रशासकीय अधिकृतको दरबन्दी रहेकामा एक जनामा सङ्क्रमण लक्षण र अन्य दुईसहित आठ जनामा कोभिड-१९ सङ्क्रमण देखिएको हुँदा जोखिम न्यूनीकरण गर्न आइतबारदेखि असोज २४ गतेसम्मलागि अति अवाश्यकबाहेकका सेवा बन्द रहने प्रजिअ कँणेलले बताए ।

अतिआवश्यक नपरी सेवा लिन नजान, जानै परेमा दुई मिटरको दूरी कायम गरी, मास्क लगाएर, साबुनपानीले हात धोइ वा स्यानिटाइजार प्रयोग गरी आफू सुरक्षित हुने गरी अतिआवश्यक सेवा लिन प्रजिअ कँणेलले सबैसँग आग्रह समेत गरेका छन् ।

---

## जसपाका ...

जारि विज्ञप्तिमा २०७७ असोज ३ गते भएको घटना सम्बन्धमा पार्टी अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा छलफल गरी संलग्न व्यक्तिहरुले आ-आफ्नो कमिकमजोरी र त्रृटीको लागि आत्मालोचना गरेकोले सो कारवाही फिर्ता लिएको जनाइएको छ ।

साथै विज्ञप्तिमा भिमराज यादव, अशोक यादव र सत्यनारायण यादवमाथी गरिएको कारवाहीको सिफारिस समेत फिर्ता लिइएको जनाइएको छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रव्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



# हार्दिक समवेदना



**स्व. धर्मनारायण राय**

तत्कालिन सद्भावना पार्टीका जिल्ला अध्यक्ष सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका निवासी एवं जनता समाजवादी पार्टीका नेता धर्मनारायण रायको ७८ वर्षको उमेरमा असामयिक निधन भएकोमा स्तब्ध भएको छ । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**प्रभाकर यादव**
**अध्यक्ष**
**जिल्ला समन्वय समिति, सप्तरी**



# NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामूलक संदेश**

## नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू


ज्वरो (१००.४°F भन्दा माथि)


श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

## नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।


खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।


पशुजन्य मासु तथा अन्डा राम्रोसँग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np